# स्थानीय राजपत्र

खण्डः २ संख्याः २४ मितिः २०८०/०९/०५


**भाग-२**

**तुम्बेवा गाउँपालिका, पाँचथरद्वारा प्रकाशित**

## तुम्बेवा गाउँपालिका, पाँचथरको
## कर्मचारी तह बृद्धि/ मिलान सम्बन्धी कार्यविधि, २०८०

आज्ञाले,

केशव कुमार थापा

नि.प्रमुख प्रशासकीय अधिकृत

# तुम्बेवा गाउँपालिका, पाँचथर

## कर्मचारी तह वृद्धि/मिलान सम्बन्धी कार्यविधि, २०८०

कोशी प्रदेशबाट मिति २०८०/०१/१४ गते जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० मा भएको कानुनी व्यवस्था अनुसार यस गाउँपालिका अन्तर्गत कार्यरत कर्मचारीहरुको तह वृद्धि/मिलान गर्न आवश्यक भएकाले अध्यादेशको दफा १५४ को अधिकार प्रयोग गरी तुम्बेवा गाउँ कार्यपालिकाको मिति २०८०/०२/२२ गतेको बैठकले यो कार्यविधि स्वीकृत गर्न परामर्शको लागि प्रदेश लोक सेवा आयोग बिराटनगर पठाउन सिफारिस गरियो ।

**१.सक्षिप्त नाम र प्रारम्भः** (१) **यो कार्यविधिको नामः** तुम्बेवा गाउँपालिका पाँचथरको कर्मचारी तह वृद्धि/मिलान सम्बन्धी कार्यविधि, २०८० रहेकोछ।

(२) प्रारम्भः यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२.परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्न्यविधिमा -

(क) **"अध्यादेश"** भन्नाले कोशी प्रदेशबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०८० सम्झनु पर्छ।

(ख) **"कार्यविधि"** भन्नाले तुम्बेवा गाउँपालिकाको कर्मचारी तह बृद्धि/मिलान सम्बन्धी कार्यविधि, २०८० लाई सम्झनु पर्दछ।

(ग) **"प्रदेश"** भन्नाले कोशी प्रदेश सम्झनु पर्छ।

(घ) **"कार्यालय"** भन्नाले तुम्बेवा गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(ङ) **"कार्यपालिका"** भन्नाले तुम्बेवा गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

(च) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले तुम्बेवा गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(छ) **"तह वृद्धि"** भन्नाले अध्यादेशको दफा ४ र दफा ८ बमोजिम गरिने तह वृद्धिलाई सम्झनु पर्दछ।

(ज) **"तह मिलान"** भन्नाले कार्यविधिको दफा १० बमोजिम गरिने तह मिलानलाई सम्झनु पर्दछ।

(झ) **"प्रदेश लोकसेवा आयोग"** भन्नाले कोशी प्रदेशको प्रदेश लोकसेवा आयोगलाई सम्झनु पर्दछ।

(ञ) **"सिफारिस समिति"** भन्नाले यो कार्यविधिको दफा ३ बमोजिम गठित सिफारिस समितिलाई सम्झनु पर्दछ।

**३. सिफारिस समितिः**

(१)अध्यादेशको दफा ४ (५) र दफा ८(१६) बमोजिम गाउँपालिकामा कार्रत कर्मचारीको तहवृद्धि गर्न तपसिल बमोजिमको तह वृद्धि सिफारिस समिति रहनेछ।

| | | |
|---|---|---|
| क. | प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| ख. | प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत | - सदस्य |
| ग. | प्रशासन शाखा प्रमुख | - सदस्य सचिव |

(२) समितिको बैठक समिति आफैले निर्धारण गरे बमोजिम बस्नेछ ।

**४.समितिको काम कर्तव्य र अधिकारः**(१) सिफारिस समितिको काम कर्तव्य र अधिकार तपसिल बमोजिम हुनेछ ।

(क) तह वृद्धि/मिलान प्रयोजनका लागि कार्यतालिका निर्धारण गर्ने ।

(ख) आवेदन शुल्क निर्धारण गर्ने ।

(ग) आवेदन पेशका लागि सूचना प्रकाशित गर्ने ।

(घ) पेश भएका कागजातहरुको अध्ययन तथा विश्लेषण गर्ने ।

(ङ )ऐनको दफा ४ (५) र दफा ८(१६) बमोजिम क्रमश पाँच वर्ष र तीन वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीहरुको तह वृद्धिको लागि निर्णय गर्ने।

(च) तह वृद्धि गरिने कर्मचारीहरुको नामावली सहित तह वृद्धिको लागि कार्यालयलाई सिफारिस गर्ने।

**५.सूचना प्रकाशित गर्ने:** (१) तह वृद्धिको लागि तोकिएको अवधि पूरा भएका आवेदकबाट सोझै आवेदन प्राप्त गर्न वा आवेदन पेश गर्न सात दिनको म्याद राखी कार्यालयको सूचनापाटी र वेवसाइटमा सूचना प्रकाशित गर्न सकिनेछ ।

(२) आवेदन साथ हालको पदमा स्थायी नियुक्ति तथा बढुवा नियुक्ति भएको पत्र, समायोजन पत्र शैक्षिक योग्यताको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्न लगाउनु पर्नेछ।

(३) प्रकाशित सूचनामा तोकिएको मिति भित्रमा सम्बन्धित कर्मचारीले सिफारिस समिति समक्ष आवश्यक कागजात सहित निवेदन पेश गर्नु पर्नेछ ।

**६. निवेदन दिनु पर्ने:** तह वृद्धि हुनका लागि इच्छुक संभाव्य कर्मचारीले अनुसूची १ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ।

**७. सिफारिसः** (१) सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन भित्रमा सिफारिस समितिले निवेदन साथ प्राप्त कागजातहरुको जाँच गरी कार्यालयलाई तह बृद्धिको लागि सिफारिस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा कर्मचारीले तह वृद्धि हुनु पूर्वको पदमा भएको स्थायी तथा बढुवा नियुक्ति अनुसारको सेवा अवधि, शैक्षिक योग्यता, सेवाकालीन तालिमको आधारमा क्रम निर्धारण गरी सिफारिस गर्नु पर्नेछ ।

**८. तह वृद्धि गर्न नहुने:** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा दफा ३ को उपदफा (१) बमोजिमको सिफारिस समितिले कर्मचारीलाई तह बृद्धिको लागि सिफारिस गर्ने छैनः-

क. नसिहतको सजाय पाएकोमा नसिहत पाएको मितिले एक वर्ष पुरा नभएसम्म,

ख. निलम्बन भएकोमा निलम्बल भएको अवधीभर,

ग. तलबवृद्धि वा बढुवा रोक्का भएकोमा तलबवृद्धि वा बढुवा रोक्का भएको अवधीभर र

घ. असाधारण बिदामा बसेकोमा सो बिदाको अवधीभर।

**९. तह मिलान सम्बन्धी व्यवस्था :** (१) संघीय लोकसेवा आयोगबाट छैटौं तहमा सिफारिस भइ आएका कर्मचारीको हकमा सातौं तहमा शुरु नियुक्ति मिति देखि लागू हुने गरी तह मिलान गरिनेछ ।

(२) तह मिलान सम्बन्धी सिफारीस दफा ३ बमोजिम गठित समितिले गर्ने।

**१०. तह बृद्धि/मिलान पत्र:** दफा (६) बमोजिम सिफारिस भएको सात दिन भित्रमा प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित कर्मचारीलाई अनुसूची -१ अनुसारको ढाँचामा तह बृद्धि/मिलान को पत्र दिनु पर्नेछ ।

**११. तह बृद्धि भएका कर्मचारीको सेवा, सुविधाः** (१) यस कार्यविधि बमोजिम तह वृद्धि/मिलान भएका कर्मचारीले तह वृद्धि/मिलानको लागि निर्णय गरेको मितिबाट मात्र माथिल्लो तहको तलब भत्ता प्राप्त गर्नेछन्।

(२) यस कार्यविधि बमोजिम तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको तलब भन्दा घटी हुने भएमा खाईपाई आएको तलब भन्दा घटी नहुने गरी गाउँपालिकाले तलब मिलान गर्नु पर्नेछ।

(३) तह वृद्धि भएका कर्मचारी सेवा निवृत्त हुँदा उपदानको लागि प्राप्त गर्ने सेवा सुविधा कानुन बमोजिम गाउँपालिकाले उपलब्ध गराउनु पर्नेछ ।

(४) यस कार्यविधि बमोजिम तह वृद्धि भएका कर्मचारीको जेष्ठता अध्यादेश जारी भएको मितिबाट कायम हुनेछ।

**१२. सहमति लिनु पर्ने:** यो कार्यविधि स्वीकृत गर्नु पूर्व प्रदेश लोक सेवा आयोगबाट परामर्श सहमति लिन सक्नेछ।

**१३. जानकारी दिनु पर्ने:** (१) यस कार्यविधि बमोजिम गाउँपालिकाले गरेको तह वृद्धिको जानकारी तह वृद्धिको निर्णय भएको मितिले पन्ध्र दिन भित्रमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ।

१४. **बाधा अड्कन फुकाउन सक्ने:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

१५. **सचिवालय:** सिफारिस समितिको सचिवालय कर्मचारी प्रशासन हेर्ने शाखामा रहनेछ ।

१६. **कार्यविधि लागु हुने:** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि तुम्बेवा गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि यो कार्यविधि लागु हुनेछ तर यो कार्यविधि लागु हुनु पहिले गाउँ कार्यपालिकाको निर्णयानुसार तह वृद्धि/मिलान भएको कार्य यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

१७. स्वत लागु हुने: कोशी प्रदेश, स्थानीय सेवाको गठन, सञ्चालन र सर्तहरु सम्बन्धी व्यवस्था गर्न जारी गरिएको अध्यादेश,२०८० को खण्ड ७ को दफा ४ को उपदफा ५ मा स्थानीय तहमा समायोजन भयका तेश्रो र चौथो तहमा कार्यरत कर्मचरिहरु पाच वर्ष सेवा पुरा भयकालाई स्वतः एक तह बृद्धि हुने भन्ने व्यवस्था भय बमोजिम स्वत एक तह बृद्धि गरिने छ ।

१८. **विविध:** समितिका पदाधिकारीहरुले गाउँपालिकामा गठित अन्य समितिका सदस्यहरुले पाए सरहको बैठक भत्ता एवं सुविधा प्राप्त गर्न सक्नेछन ।

१९. **कार्यविधिमा परिमार्जन:** यस कार्यविधिमा परिमार्जन तथा हेरफर गर्नु परेमा गाउँ कार्यपालिकाले परिमार्जन गर्न सक्नेछ।

२०. तह वृद्धिको लागि पेश गर्ने निवेदनको ढाँचा अनुसूची १ र तह वृद्धि/मिलान पत्रको ढाँचा अनुसूची २ बमोजिम हुनेछ ।

अनुसूची १

(कार्यविधिको दफा ६ सँग सम्बन्धित)

## तह वृद्धिको लागि पेश गर्ने निवेदनको ढाँचा

मिति :

श्री संयोजक ज्यू

तह वृद्धि सिफारीस समिति

विषय : तह वृद्धि/तह मिलान गरि पाउँ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको तह वृद्धि/मिलान सिफारीस समितिको मिति २०८०/०१/ गतेको सूचना अनुसार म हाल तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिम देहाय बमोजिमको पदमा तह वृद्धि/तह मिलान हुन योग्य रहेको हुँदा तपसिल बमोजिमको कागजात सहित यो निवेदन पेश गरेको बेहोरा अनुरोध गर्दछु।

तपसिल

१. स्थायी नियुक्तिको पत्र ।
२. बढुवा भएको पत्र ।
३. नेपाली नागरिकताको प्रमाण पत्र।
४. शैक्षिक योग्यताको प्रमाण पत्र।
५. ...........

| हाल कार्यरत पद | तह वृद्धि/मिलान गरेको पद |
|---|---|
| पद: | पद: |
| सेवा: | सेवा: |
| समूह: | समूह: |
| स्तर: | स्तर: |
| कार्यालय : | कार्यालय : |

माथि उल्लिखित सबै बेहोरा ठिक साँचो हो झुठा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

निवेदक

नाम :

दस्तखत :

क.सं. नम्बर :

अनुसूची २

(कार्यविधिको दफा ७ सँग सम्बन्धित)

**तह वृद्धि/मिलान पत्रको ढाँचा**

प.सं.:

चलानी नं.

मिति:

**विषय: तह वृद्धि/मिलान गरिएको ।**

तपाईंलाई गाउँ कार्यपालिकाको मिति ................ गतेको निर्णयानुसार स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा ४ को उपदफा ५ अनुसार ...................... मिति देखि ज्येष्ठता कायम हुने गरी **स्थानीय सेवामा** तपसिल बमोजिम **तह वृद्धि/मिलान** गरिएको छ । **तह वृद्धि/मिलान** हुनु भएकोमा हार्दिक बधाई छ ।

तपसिल :

| हाल कार्यरत पद | तह वृद्धि/मिलान गरेको पद |
|---|---|
| पद: | पद: |
| सेवा: | सेवा: |
| समूह: | समूह: |
| स्तर: | स्तर: |
| कार्यालय : | कार्यालय : |

श्री ............................

कर्मचारी संकेत नम्बर ............

तुम्बेवा गाउँ कार्यपालिकाको कार्यालय

मौवा, पाँचथर

**बोधार्थ :**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाडौं ।

श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय अनामनगर, काठमाडौं ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश बिराटनगर मोरङ ।

श्री राष्ट्रिय किताबखाना (निजामती) हरिहरभवन, पुल्चोक ललितपुर ।

श्री प्रदेश लोक सेवा आयोग, बिराटनगर मोरङ ।

श्री प्रदेश किताबखाना, बिराटनगर मोरङ ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौं ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, पाँचथर

श्री कर्मचारी सञ्चयकोष, विराटनगर मोरङ।

श्री आर्थिक प्रशासन शाखा, तुम्बेवा गाउँकार्यपालिको कार्यालय मौवा, पाँचथर ।